बैठक संख्या:

आज मिति २०८१ मंसीर ०६ गतेका दिन यस आदर्श गाउँपालिका अन्तर्गत गाउँ कार्यपालिकाको बैठक उपाध्यक्ष श्री लक्ष्मी धामी ज्यूको अध्यक्षतामा बैठक बसि तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा देहाय बमोजिमका प्रस्ताव माथि छलफल गरि निम्नलिखित निर्णय पारित गरियो ।

## उपस्थिति

१) उपाध्यक्ष श्री लक्ष्मी धामी (रोकाया)

२) सदस्य श्री भरत बहादुर खडका

३) सदस्य श्री रमेश बहादुर साउँद

४)सदस्य श्री दिपेन्द्र प्रसाद पाठक

५) सदस्य श्री खगेन्द्र राज ओझा

६) सदस्य श्री उत्तम बहादुर सिंह

७) सदस्य श्री लाल ब खडायत

८) सदस्य श्री लाल ब विष्ट

०९) सदस्य श्री कमला खडका

१०) सदस्य श्री नन्दा वलायर (रोकाया)

११) सदस्य श्री निर्मला देवी रोकाया

१२) सदस्य श्री ललिता वि.क.

१३) सदस्य श्री माने दमाई

१४) सदस्य श्री वहादुरे ढोली

१५) सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत श्री पदम राज अवस्थी

## अन्य उपस्थिति

१) इन्जिनियर श्री दान बहादुर थापा

२) डवल वहादुर भाट (ना.सु.)

३) गणेश राज ओझा (ना.सु.)

४) तेज वहादुर साउँद (क.अ.)

५) डिल्ली राज जोशी (आ.ले.प.)

६) अमर राज भट्ट (का.स.)

प्रस्तावहरु

१) घ वर्गको इजाजत पत्र प्रदान सम्बन्धमा ।

२) जलाधार संरक्षण निर्माण योजनाको रकम भुक्तानी सम्बन्धमा ।

३) दलित कार्यक्रम तर्फको रकम सम्बन्धमा ।

४) सडक मर्मत सम्बन्धमा ।

५) कृषि एम्बुलेन्स माग सम्बन्धमा ।

६) भेरियसन आदेश स्वीकृत सम्बन्धमा ।

निर्णय नं.१ यस आदर्श गाउँपालिकामा स्थायी ठेगाना भएका तपसिल बमोजिमका निर्माण व्यवसायिहरुलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ बुदा नं.(६) को १० अनुसार साथै निर्माण व्यवसाय ऐन, २०५५ को दफा ४ को उपदफा ३ र निर्माण व्यवसायी नियमावली २०५६ को नियम ६ को उपनियम (१) बमोजिम घ वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | निर्माण व्यवसायीको नाम | ठेगाना | प्रोपाइटरको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | शिसिब कन्स्ट्रक्सन | आदर्श गा.पा.५ डोटी | हेमा कुमारी कोली | |
| २ | पशुपती खड्का बिल्डर्स प्रा.लि. (पि.के.) | आदर्श गा.पा.१ डोटी | पशुपती खड्का | |

निर्णय नं.२- यस आदर्श गाउँपालिकाको जलाधार संरक्षण निर्माण योजना अन्तरगत ट्रेन्च निर्माण योजनाको कार्य सम्पन्न भईसकेको हुँदा उक्त योजना बापतको रकम प्रदेश सरकारबाट प्राप्त सम्बन्धीत शिर्षकबाट नियमानुसार भुक्तानी गर्ने निर्णय गरीयो ।

निर्णय नं.३- आदर्श गाउँपालिकाको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दलित कार्यक्रम तर्फ रु.१० लाख रकम बिनियोजन गरीएकोमा उक्त रकम सबै वडाहरुमा समानरुपले विभाजन गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरीयो ।

निर्णय नं.४- आदर्श गाउँपालिका अन्तरगत रहेका ग्रामिण सडकहरुको अवस्था सम्बन्धमा कार्यालयमा कार्यरत प्राविधिकहरुबाट अनुगमन गराएर कार्यालयबाट लागत इष्टिमेट तयार गरी गाउँपालिकाको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत सडक मर्मत कोष शिर्षकबाट खर्च हुने गरी सडक मर्मत गराउने निर्णय गरीयो ।

निर्णय.नं.५- आदर्श गाउँपालिका वडा नं.४ अन्तरगत गठित तेडी दुर्गा सहकारी संस्थालाई कृषि एम्बुलेन्स मागको लागि सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी मन्त्रालय धनगढी,कैलालीलाई अनुरोध गर्ने निर्णय गरीयो ।

निर्णय नं.६- आदर्श गाउँपालिका अन्तरगत मौवा गिरिचौका सडक निर्माण ARM\NCB\WORKS\080\081\04 बमोजिम भवानी निर्माण सेवा दि.सि.न.पा.०६ डोटीलाई जिम्मा दिएकोमा स्थलगत अनुगमन सहित प्राविधिक प्रतिवेदन अनुसारको भेरियसन आदेश स्वीकृत गरियो ।